# विराटनगर महानगरपालिका

बैठक संख्या: ५४ | बैठक प्रारम्भः दिउसो ३:०० बजे

मितिः २०७६/९/ २८ | बैठक स्थगनः ४:०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | का.वा. सदस्य | श्री तुलसीप्रसाद घिमिरे | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री एकदेव अधिकारी | |
| ३१ | आ.सहयोगी | अर्जुन थपलिया | |
| | | | |

निर्णय नं. १

मिति २०७४।१०।२९ को विराटनगर महानगरपालिका नगर कार्य पालिकाको निर्णय नं.५ र वडा समितिहरुवाट प्राप्त सिफारिसका आधारमा क्षेत्रिय शहरी विकास परियोजना विराटनगर Contract No: RUDP/ICB/BRT/2 वाट परियोजनाको Scope भित्र परियोजनालाई सारभुत रुपमा सम्पन्न गर्न सडक छेउको थप नाला लगायत समावेश गरि तयार भएको Variation Order No: 2 (महानगरपालिकाले १००% ब्योहोर्ने गरि खानेपानीको पाईप लाईन थप समेत शुरु सम्झौता रकममा थप १६.४१%( Approved VO-01-7.27% र हालको VO-02- 9.14% समेत) जम्मा रु.३,०३,९५,८९,८२९।८६ अक्षेरुपी तीन अर्व तीन करोड पन्चानब्बे लाख उनानब्बे हजार आठ सय उननतीस पैसा छियासी मात्र र खानेपानी पाईपलाईन विस्तार वाहेक शुरु सम्झौता रकममा थप १४.८८% जम्मा रु.२,९९,९५,८९,९३६।४१ अक्षेरुपी दुई अर्व उनानसय करोड पन्चानब्बे लाख उनाननब्बे हजार नौ सय छत्तीस पैसा एकचालीस मात्र) लाई विराटनगर महानगरपालिकाको चौथो नगर सभाको आ.व. २०७६।०७७ को विविध निर्णय नं.३४ वाट प्राप्त अख्तियारी वमोजिम स्वीकृत गरि सहमतीकोलागि PCO/ADB पठाउने निर्णय गरियो ।

निर्णय नं. २

विराटनगर महानगरपालिकाको आ.व. ०७६/०७७ को स्विकृत नीति,कार्यक्रम तथा बजेटमा मानव सेवा आश्रम विराटनगरको नाममा पूजींगत पूर्वाधार विकास कार्यक्रममा विनियोजित रकम रु. १० लाखलाई शिर्षक संशोधन गरि कार्यालय संचालन खर्च वापत रु.१० लाख कायम गरि आगामि नगरसभावाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

विराटनगर महानगरपालिकाको आ.व. ०७६/०७७ को स्विकृत नीति,कार्यक्रम तथा बजेटमा पूजींगत पूर्वाधार विकास कार्यक्रम अन्तर्गत महानगरको प्रवेशद्धारमा यातायातका साधन सफाई कार्यक्रममा विनियोजित रकम रु. ५ लाख विद्यमान अवस्थामा संचालन गर्न नसकिने भएकोले सो रकम महेन्द्र मोरगं बहुमुखी क्याम्पस, विराटनगरका लागि अनुसन्धान प्रयोगशाला उपकरण खरिद शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

दक्षिण कोरियाको Dohwa Engineering Co., Ltd. ले विराटनगर महानगरपालिकाको Solid Waste Management सम्बन्धी Master Plan बनाइरहेको सन्दर्भमा उक्त संस्थाले विराटनगर महानगरपालिकाका प्रमुखज्युसमेतको पदाधिकारीहरूलाई दक्षिण कोरियास्थित सो संस्थाले फोहोरमैला व्यवस्थापनको क्षेत्रमा गरेको/गरिरहेको विभिन्न आयोजना तथा कार्यहरूको अध्ययन/अवलोकन भ्रमणमा लैजाने भएको हुँदा सो भ्रमणमा सहभागी हुन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

विराटनगर महानगरपालिका वडा नं. ११ बस्ने प्रेरणा कोईरालाले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा लन टेनिस खेलमा पुर्‍याउनु भएको योगदानको कदर गर्दै उहांलाई अझ प्रोत्साहन गर्नका लागि १ लाख ५० हजार र शारिरिकरुपमा अपाङ्ग रहेका रोजेश थापाले आफ्नो आर्थिक अवस्था कमजोर रहेता पनि वहांको कला तथा संस्कृतिक क्षेत्रमा पुर्‍याउनु भएको योगदानको कदर गर्दै रु. ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।